बैजनाथ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रामपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

प.सं. :-२०८३/०८४
च.नं. :-

## कृषि उपज ढुवानीको साधन इ-लोडिङ्ग अटोरिक्साको माग संकलन सम्बन्धि सूचना !

*(प्रथम पटक प्रकाशित मिति २०८३/०५/०१)*

बैजनाथ गाउँपालिकाको आ.व.२०८३/०८४ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार व्यवसायिक कृषक तथा कृषक समुहका लागि कृषि तथा पशुपालन र सिंचाई सम्बन्धि यान्त्रिक उपकरण तथा औजार र सामाग्री वितरण कार्यक्रम अन्तर्गत कृषि उपज ढुवानीका लागि ढुवानीको साधन इ-लोडिङ्ग अटोरिक्सा ७० प्रतिशत अनुदानमा वितरण गर्नु पर्ने भएकाले यस गाउँपालिका भित्र कृषि तथा पशुपालन सम्बन्धि दर्ता भएका व्यवसायिक कृषक, कृषि तथा पशु पालन सम्बन्धि दर्तावाला समुहले आवश्यक कागजात सहित मिति २०८३ साल भदौ मसान्त भित्र यसै सूचनासाथ संग्लग्न निबेदनको ढाँचामा निबेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

<u>वितरण गरिने कृषि तथा पशुपालन सम्बन्धि यान्त्रिक औजार,उपकरणको विवरणः</u>

- इ-लोडिङ्ग अटो रिक्सा (लोडर रिक्सा)

<u>निबेदनसाथ संलग्न गर्नु पर्ने कागजातको विवरणः</u>

१. तोकिएको ढाँचाको निबेदन,
२. निवेदकको नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,
३. कृषक समुहको हकमा कृषक समूह दर्ता प्रमाण पत्र तथा समूह नबिकरण प्रमाण पत्रको प्रतिलिपि,
४. व्यबसायिक किसानको हकमा व्यवसाय दर्ता तथा नवीकरण प्रमाण पत्रको प्रतिलिपि,
५. अन्य निकायमा दर्ता भएको ब्यबसायको हकमा गाउँपालिकामा सूचिकृत भएको प्रमाणको प्रतिलिपि,
६. आ.व.२०८२/०८३ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि
७. कृषक समूहको हकमा समूहको बैठकको निर्णयको प्रमाणित प्रतिलिपि
८. आफ्नो स्वामित्वमा भएको जमिनको जागा धनी प्रमाण-पूर्जाको प्रमाणित प्रतिलिपि वा बहालमा लिएको जग्गाको हकमा बहालमा लिएको सम्वधित वडा कार्यालयले प्रमाणित गरेको सम्झौता र बहाल कर तिरेको रसिदको प्रमाणित प्रतिलिपि र प्रति/ऐलानी हकमा बहाल बिरौटि शुल्क तिरेको रसिदको प्रमाणित प्रतिलिपि

*नोटः-*

- *निबेदनसाथ संलग्न कागजातहरु निवेदक स्वयमले सक्कल बमोजिम नक्कल ठीक छ भनि हस्ताक्षर गरी प्रमाणित गर्नु पर्ने छ ।*
- *आर्थिक बर्ष २०७९/०८० देखि आ.व.२०८२/०८३ सम्म यस गाउँपालिकाबाट इ-लोडिङ्ग अटो रिक्सा प्राप्त गरी सकेका कृषि/पशुपन्छी फर्म र कृषक समूहले यो कार्यक्रममा भाग लिन पाउने छैनन् ।*
- *रित नपुगी वा म्याद नाघी आएको निबेदनलाई छनौट प्रक्रियामा समाबेश गरिने छैन ।*

प्रमोद कुमार विश्वकर्मा
कृषि शाखा प्रमुख

मिति:-२०८३/०५/

श्री अध्यक्ष ज्यू,
वैजनाथ गाउँपालिका,रामपुर,बांके ।

विषय:- कृषि उपज ढुवानीको साधन इ-लोडिङ्ग अटो रिक्सा माग निवेदन पेश गरेको बारे ।

प्रस्तुत सन्दर्भमा तहां गाउँपालिकाद्वारा मिति २०८३/०५/०९ गते प्रकाशित सूचना अनुसार व्यवसायिक कृषक तथा कृषक समूहका लागि कृषि तथा पशुपालन र सिंचाई सम्बन्धि उपकरण तथा औजार र सामाग्री वितरण कार्यक्रम अन्तर्गत कृषि उपज ढुवानीका लागि ढुवानीका साधन इ-लोडिङ्ग अटो तहाँ पालिकाको नियमानुसार छनौट गरि दिनु हुन अनुरोध छ ।

यस निबेदनसाथ संलग्न बिवरण तथा कागजातहरु सत्यतथ्य भएको, आ.व.२०७९/०८० देखि आ.व.२०८२/०८३ सम्म यस पालिकाबाट ७० प्रतिशत अनुदानमा इ-लोडिंङ्ग अटो रिक्सा प्राप्त नगरेको तथा म र मेरो/हाम्रो कृषि/पशुपंक्षी फर्म,कृषक समूहका सदस्यहरु यस गाउँपालिका अन्तर्गतका जनप्रतिनिधि तथा गाउँपालिकाको कार्यालय र वडा कार्यालयमा कार्यरत कर्मचारी नरहेको स्वघोषणा गर्दछु/गर्दछौ। झुटा ठहरिए प्रचलित कानून बमोजिम सहुँला/बुझाउँला ।

निवेदक

दस्तखत :

ठेगाना :

सम्पर्क नं.

संस्थाको छाप: